# सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड

को

पच्चिसौं बार्षिक साधारण सभाको

निर्णय माईन्युट

| | | |
|---|---|---|
| सभा मिति | : | **२०७९ बैशाख २८ गते बुधबार** |
| सभा समय | : | बिहान १०:३० बजे |
| सभा स्थान | : | लैनचौर बैङ्क्वेट, लैनचौर काठमाण्डौं । |

सगरमाथा इन्स्योरेन्स कं. लि. २०५१ काठमाडौं

१. **बैधानिक सभा :**

मिति २०७९ साल बैशाख ०५ गते बसेको सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेडको संचालक समितिको ३१३ औं बैठकको निर्णय अनुसार बोलाईएको कम्पनीको **पच्चिसौं** बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

२.१ मिति : २०७९ बैशाख २८ गते बुधबार (तद्नुसार ११, मे २०२२)

२.२ स्थान : लैनचौर बैङ्क्वेट, लैनचौर काठमाण्डौं ।

२.३ समय : बिहान १०:३० बजे देखी ।

३. **सभाको सूचना :**

३.१ मिति २०७९ साल बैशाख ०५ गते बसेको संचालक समितिको ३१३ औं बैठकले कम्पनीको **पच्चिसौं** वार्षिक साधारण सभा २०७९ बैशाख २८ गते बुधबार, लैनचौर बैङ्क्वेट काठमाण्डौंमा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने मिति, स्थान र छलफल गर्ने बिषयहरु समेत उल्लेख गरी मिति २०७९ साल बैशाख ७ गतेको कारोवार राष्ट्रिय दैनिकमा संक्षिप्त आर्थिक बिवरण सहित र अभियान राष्ट्रिय दैनिकमा २१ दिनको वार्षिक साधारण सभा बस्ने सम्वन्धि सार्बजनिक सूचना प्रकाशित गरी मिति २०७९ बैशाख २० गतेको अन्नपुर्ण दैनिकमा पून : स्मरणार्थ साधारण सभा बस्ने ब्यहोराको सूचना प्रकाशित गरिएको थियो ।

३.२ उल्लेखित साधारण सभाको सूचनाका साथमा संचालक समितिको बार्षिक प्रतिवेदन, आ.ब.२०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह बिवरण सहितको पुस्तिका तयार गरी शेयरधनी महानुभावहरुले आफ्नो शेयरधनीको प्रमाण प्रस्तुत गरि कम्पनीको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिने छ भन्ने सूचना प्रकाशित गरिएको व्यहोरा सभामा जानकारी गराईएको थियो ।

३.३ कम्पनीले आफ्ना शेयरधनी महानुभावहरुको घर ठेगानामा उपरोक्त बमोजिमको वार्षिक प्रतिवेदन, आ.ब.२०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण समेत पठाईएको ब्यहोरा सभामा अवगत गराईएको थियो ।

४. **आसन ग्रहण :**

४.१ सभामा उपस्थित रहनु भएका कम्पनीका अध्यक्ष श्री रामकृष्ण मानन्धर, संचालकहरु क्रमश : श्री पद्म ज्योति, श्री गजेन्द्रलाल श्रेष्ठ, श्री लोकमान्य गोल्छा, श्री सिद्धार्थमणि राजभण्डारी र श्री

राजेन्द्र मान शेरचन र स्वतन्त्र संचालक श्री शोभा श्रेष्ठले ड्यासमा आसन ग्रहण गर्नुभएको थियो ।

४.२ कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री चंखु क्षेत्री, कानुनी सल्लाहकार श्री बालकृष्ण ढकाल र कम्पनीका वरिष्ठ पदाधिकारीहरुलाई आसन ग्रहण गराईएको थियो ।

४.३ नियमक निकायहरु बीमा समिति, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल धितोपत्र बिनिमय बजार लि.मा प्रतिनिधिज्युहरुलाई आसन ग्रहण गर्नका लागी अनुरोध गरीएको थियो ।

४.४ सभामा सहभागीताका लागी सहभागी हुनुभएका सम्पुर्ण शेयरधनी माहानुभाबहरुलाई आ-आफ्नो स्थानमा आसन ग्रहण गर्नका लागी अनुरोध गरीएको थियो ।

५. **सभाको सभापतित्व :**

कम्पनी ऐन २०६३ को दफा ७४(१) तथा कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम साधारण सभाको सभापतित्व कम्पनीका अध्यक्ष श्री रामकृष्ण मानन्धरज्यूले गर्नुभई सभाको कार्यवाही अगाडी बढाउन कम्पनी सचिव श्री बिश्वनाथ अधिकारीलाई अनुमति प्रदान गर्नु भयो ।

६. **गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा कम्पनीको नियमावलीको नियम ५(१) वमोजिम साधारण सभा संञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा प्रत्यक्ष रुपमा उपस्थित २०९ जना, प्रोक्सी (प्रतिनिधि) मार्फत १८ जना शेयरधनि गरी कुल शेयर संख्याको ५७.२० प्रतिशत शेयरको प्रतिनिधित्व हुनेगरि शेयरधनीहरुको उपस्थिति रहेको हुनाले सभामा गणपुरक संख्या पुरा भएको र सभाले बैधानिकता प्राप्त गरेको ब्यहोरा सभामा जानकारी भयो ।

७. **उपस्थिति :**

(क) **संचालकहरुको उपस्थिति :**

| संस्थापक शेयरधनीहरु (समूह"क") को तर्फबाट | सर्वसाधारण शेयरधनीहरु (समूह"ग") को तर्फबाट | स्वतन्त्र ब्यबसायिक संचालक |
|---|---|---|
| श्री रामकृष्ण मानन्धर,<br>श्री सिद्धार्थमणी राजभण्डारी<br>श्री लोकमान्य गोल्छा | श्री गजेन्द्र लाल श्रेष्ठ<br>श्री राजेन्द्र मान शेरचन | श्री शोभा श्रेष्ठ |

| | | |
|---|---|---|
| **(समूह"ख") संयुक्त बिदेशी लगानिकर्ता सेलिन्को ईन्स्योरेन्स पिएलसी श्रीलंकाको तर्फबाट**<br>श्री पद्म ज्योती | | |

(ख) **शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| स्वयं उपस्थिति | २०९ |
| प्रतिनिधि मार्फत उपस्थिति | १८ |
| जम्मा उपस्थिति | २२७ |

(ग) **शेयरधनी उपस्थिती संख्या :**

| स्वयं उपस्थिती | प्रतिनिधि मार्फत उपस्थिती | जम्मा | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ९१४३६८ | ५४४२९५० | ६३५७३१८ | ५७.२०३ |

८. **सभामा छलफल गरिने बिषयहरुको सूची प्रस्तुत :**

कम्पनी सचिब श्री बिश्वनाथ अधिकारीले पूर्ब निर्धारित सुचना अनुसार सभामा देहायका छलफलका बिषयहरु रहेको स्मरण गराउदै बिषय सूचीहरु बाचन गर्नुभयो ।

८.१. **छलफलका बिषयहरु :**

८.१.१ **सामान्य प्रस्ताव :**

८.१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूवाट पेश हुने कम्पनिको आ.ब.२०७७/०७८ को बार्षिक प्रतिवेदन पारित गर्ने ।

८.१.२ आ.ब.२०७७/०७८ को लेखा परिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।

८.१.३ संचालक समितिबाट प्रस्ताव भए बमोजिम चूक्ता पूँजी रु.१,११,१३,५७,५००/- को १.०५२६३ प्रतिशत नगद लाभांश (बोनस शेयर मा लाग्ने कर प्रयोजनार्थ) बितरणको प्रस्ताव पारित गर्ने ।

८.१.४ कम्पनीको आ.व.२०७८/०७९को लेखा परिक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखा परिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने । *(बर्तमान लेखापरिक्षक श्री जेबिआरएच एण्ड कम्पनी, चार्टर्ड एकाउन्टटेन्ट्सको यो दोश्रो बर्ष भएकाले पुन: नियुक्त हुन सक्ने)*

८.१.५ कम्पनीमा रिक्त रहेको स्वतन्त्र संचालकमा संचालक समितिबाट नियुक्त स्वतन्त्र संचालक श्री शोभा श्रेष्ठलाई अनुमोदन गर्ने ।

२. <u>बिशेष प्रस्ताव :</u>

८.२.१ संचालक समितिबाट प्रस्ताब भए बमोजिम कम्पनीको हालको चूक्ता पूँजी रु.१,११,१३,५७,५००/- को २० प्रतिशत अर्थात बर्तमान १० शेयर बराबर २ शेयर (१०:२) अनुपातमा बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अङ्कलाई सम्वन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

८.२.२ प्रवन्ध पत्रको दफा ५.१ मा संशोधन गरी कम्पनीको अधिकृत पूँजी रु. २ अरब बाट बृद्धि गरी रु. ५ अरव कायम गर्ने र दफा ५ को उपदफा २ पछि उपदफा २.१ थप गरी सो उप दफामा चूक्ता पूजी को ब्यवस्था गरी कम्पनीको चूक्ता पुजी रु.१,३३,३६,२९,०००/(एक अरब तेत्तिस करोड छत्तिस लाख उनान्तीस हजार) कायम गर्ने ।

८.२.३ कम्पनीबाट सामाजिक संघ संस्थालाई आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड "ग" ले निर्धारण गरेको सिमा नाघेको हुदा सो अन्तर्गत भएको खर्च रु.३३ लाख ४५ हजार ५ सय लाई अनुमोदन गर्ने ।

८.२.४ निर्जिवन बीमा ब्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्वन्धि संचालक समितिलाई दिईएको सम्पुर्ण कार्य गर्ने अधिकारलाई निरन्तरता प्रदान गर्ने ।

८.२.५ उपरोक्त बमोजिमका प्रस्ताव पारित भई स्वीकृतिका लागी पेश हुदा नियमनकारी निकाय वा कार्यालयबाट कुनै बिषयमा संसोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।

८.३. बिबिध ।

९. **<u>बार्षिक प्रतिवेदनको प्रस्तुति</u> :**

संचालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री रामकृष्ण मानन्धरज्यूले संचालक समितिको आ.ब.२०७७/०७८ को बार्षिक प्रतिवेदन वाचन गरी सभामा प्रस्तुत गर्नुभयो ।

१०. सभाका सभापतिज्यूले संचालक समितिको प्रतिबेदन प्रस्तुत गर्नु भए पश्चात कम्पनीको आ.ब.२०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब, नगद

प्रवाह विबरण र अनुसूचीहरु,प्रस्तवित नगद लाभांस र बोनस शेयर उपर समेत आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव, सल्लाह भए छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नुभएकोमा शेयरधनीहरु श्री अमृतनाथ रेग्मी, श्री अशोक उप्रेती, श्री सत्रुधन प्रसाद श्रेष्ठ, श्री नरसिंह लाल चखु, श्री चन्द्र नारायण श्रेष्ठ, श्री मेजर कुबेर श्रेष्ठ, श्री उद्धब प्रसाद धिमिरे, श्री श्री शिब प्रसाद पौडेल, श्री रोज कुमार श्रेष्ठ, श्री अमिर दाश रञ्जित, श्री राम गोपाल महर्जन, श्री इन्द्र कृष्ण श्रेष्ठले सभामा सहभागी हुंदै देहाय बमोजिम आ-आफ्नो मन्तव्य, जिज्ञासा, सुझाव राख्नु भएको थियो ।

**श्री अमृतनाथ रेग्मी :** कम्पनीले प्रकाशित गर्ने वार्षिक प्रतिवेदन २५ वर्ष अघि जुन प्रचलनमा थियो सोमा आज सम्म पनि सुधार गर्न जानेनौ । कर्पोरेट History मा कस्तो कल्चर आईसक्यो सो अनुसार अध्यक्षले सभामा प्रतिवेदन प्रस्तुत गर्दा कसरी गर्ने, त्यसमा के के कुरा समावेश गर्ने दफा १०९ लाई संचालक समितिको प्रतिवेदनमा राख्ने प्रचलन १५ वर्ष अघि देखिनै हटि सकेकोछ । यसमा शेयरधनीले लिन बांकी लाभांस रकम लगानीकर्ता संरक्षण कोषमा राखेको रकम निकाल्न झन्झटिलो रहेको छ, कम्पनी १ नं.को स्टान्डर्डको कम्पनी भएकोमा संचालक र कर्मचारी बधाईको पात्र हुनु हुन्छ । बजारमा रहेको समस्या कसरी Adress गर्ने यसमा कम्पनीको भनाई के छ ? कम्पनीको पूंजी बृद्धि सम्वन्धमा कस्तो Strategy छ सो आजको सभामा जानकारी गराई दिएको भएमा राम्रो हुने थियो । २ अरवको कम्पनीलाई ५ अरवको कम्पनी बनाउंदा त्यसबाट शेयरधनीहरुलाई प्रतिफल दिन सकिन्छ की सकिदैन, सकिदैन भने थोरै शेयर भएको हामी जस्ता शेयरधनीलाई जति असहज होला ठूलालाई के होला ? त्यस तर्फ ध्यान दिन आवश्यक छ । फ्याक्शन शेयरलाई के गर्ने यसलाई नजिकको अङ्कमा लाने प्रचलन छ सोही अनुसार गर्न सुझाव दिनु भयो । अध्यक्षको प्रतिवेदन वाचन नगरी अध्यक्षको मन्तब्यमा कम्पनीको रणनीति आउन पर्‍यो । कम्पनी २५ वर्ष पुगि सकेको अवस्थामा Strategically Decision लिई अगाडी बढ्नु पर्ने, हामी एक सक्षम कम्पनी को रुपमा स्थापित भई सकेकोले नियमक निकायको निर्देशन हेर्दा अवका दिनमा हामीलाई एक्लै अघि जान कठिनाई हुन्छ त्यसैले सक्षम अर्को कुनै कम्पनी खोजि गरी सो संग मिल्न आवश्यक छ सोका लागी एक सेमिनारको आयोजना गरी ठोस रणनीति बनाई अघि बढ्न पर्ने वातावरण मिलाउन सुझाव दिनु भयो । नियमक निकायको निर्देशनको अनुशरण गरी NFRS को आधारमा प्रतिवेदन आउंदा बुझ्न असजिलो भएकोले शेयरधनीले बुझ्ने किसिमको प्रतिवेदन बनाउन सुझाव दिनु भयो । संचालक समितिसंग एउटा अनुरोध छ हामी कसरी पहिलो बन्ने र ७ वटा प्रादेशिक कार्यालयको कन्सेप्टमा जानु पर्ने आवश्यकता रहेको र कम्पनीको पहलमा माईक्रो इन्स्योरेन्स कम्पनी स्थापना गर्न आवश्यक रहेकोले त्यस तर्फ लाग्न सुझाव दिनु भयो । कम्पनीका

सबै सुचक राम्रा छन २५ वर्ष बिशेष प्रकारले मनाउन पर्ने थियो । शेयरधनी मध्य नियमित बोल्ने शेयरधनीलाई बिशेष पुरस्कारको व्यवस्थागर्न पर्ने थियो । २ वा ३ वटा पुरस्कारको व्यवस्था गर्न सुझाव दिनु भयो । संचालकको बैठक भत्ता कमी भएको आभास भएको छ त्यस तर्फ बिचार गर्दा राम्रो हुने धारणा राख्नु भयो ।

**श्री अशोक उप्रेती** : २५ वर्षको वार्षिक साधारण सभामा बोल्न पाउंदा गर्ब लागेको छ म यस्तो कम्पनीको सभामा बोल्ने अवसर पाई रहेको छु जुन कम्पनीले २५औ वर्ष मनाई रहेको छ । यस अवसरमा संचालक समिति, कम्पनीका प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव लगायत सम्पुर्ण कर्मचारीलाई बधाई । बीमा क्षेत्रमा कानूनी सल्लाहकारको ६/७ वर्षको अनुभवका आधारमा भन्नु पर्दा पहिलाका प्रमुख कार्यकारी अधिकृतले राम्रो काम गरेकोले वहांको अनुपस्थितिमा कम्पनी कसरी अघि बढ्ला भन्ने लाग्थ्यो तर वर्तमान प्रमुख कार्यकारी अधिकृतको क्षमता,योग्यता र अनुभवले गर्दा कम्पनीलाई अझ बढी राम्रोसंग अघि बढाउनु भएकोछ । वहांको अनुभवका कारण नै कम्पनी आजको स्थितिमा आउन सक्षम भएको हो । संचालकहरुको भत्ता रु. ८०००/ज्यादै कमी हो तसर्थ सोमा बृद्धि गर्न सुझाव दिनु भयो । Big or Small Security for All उल्लेख भए अनुसार सबै वर्गका जनमानसमा पहुच पुऱ्याउन सफल भएकोमा बधाई, बीमाको बिकास र बिस्तारका लागी कृषि तथा पशुपन्छी बीमा बढाउन पऱ्यो । अन्तर्राष्ट्रिय चलन अनुसार पनि संचालकहरुलाई मुनाफाका आधारमा हिस्सा दिनु पर्ने व्यवस्था प्रचलनमा आई रहेकोछ । कम्पनीलाई उत्कृष्ठ बिमा कम्पनीको रुपमा बिकास गर्न कम्पनीको ५ वर्षे रणनीति बनाएर अघि बढ्न सुझाव दिनु हुंदै कम्पनी मर्जरमा जाने नभई आफु भन्दा कमजोर कम्पनीलाई प्राप्ती गर्ने तर्फ लाग्न सुझव दिनु भयो । नेपालमा सर्व प्रथम नेपाल इन्स्योरेन्स एण्ड ट्रान्सपोर्ट कम्पनी लाई बि.सं.२००६ साल बैशाख ६ गते लाईसेन्स दिएकोले अल नेपाल शेयरहोल्डर्स एसोसियशनले हरेक वर्ष बैशाख ६ गते बीमा दिवस मनाउने निर्णय गरे अनुरुप यस वर्ष सामान्य रुपमा मनाएकोमा आगामी वर्ष देखि बिशेष रुपमा मनाउने जानकारी गराउदै अध्यक्षज्यू, संचालकज्यूहरु,कम्पनी सचिव, कर्मचारीहरु र उपस्थित शेयरधनीहरुलाई हार्दिक बधाई दिनु भयो ।

**श्री शत्रुघन प्रसाद श्रेष्ठ** : संचालनमा रहेका २० निर्जिवन बीमा कम्पनीमा हाम्रो कम्पनीले २० प्रतिशत बोनस शेयर दिने प्रस्ताव गरेकोमा धन्यवाद, यस कम्पनीले अघिल्लो वर्ष ११.०५७८९ प्रतिशत लाभांस दिएकोमा यस वर्ष सोमा बृद्धि गर्दै २१.०५२६३ प्रतिशत लाभांस दिएकोमा संचालक समिति लगायत सम्पुर्ण कर्मचारीलाई बधाई, Big or Small security for All भन्ने कम्पनीको मुलमन्त्र अनुरुपनै सबै शेयरधनीहरुलाई व्यवहार गर्न सुझाव दिंदै बीमा समितिको निर्देशन अनुरुप

चैत्र मसान्तभित्र कम्पनीको चुक्ता पूजी रु.२.५ अरब पऱ्याउने योजना के छ ? हकप्रद शेयर जारी गर्न सुझाव दिनु भयो । बीमाको दायरा ३५ प्रतिशत रहेकोमा सोलाई ५० प्रतिशत पुऱ्याउने गरी अघि बढ्न सुझाव दिनु भयो । कृषि बिमालाई बढाउन, बिमा दावीलाई छिटो छरितो रुपमा फछ्र्यौट गर्न, समयमानै साधारण सभा गर्न र १ नं. बिमा कम्पनीको रुपमा स्थापित गर्न सुझाव दिनु भयो । साथै कम्पनीले सबै क्षेत्रलाई समेट्ने गरी बीमा सेवा प्रदान गर्न सकोस भन्ने शुभेक्षा सहित धन्यवाद दिंदै फ्राऱ्याक्शन शेयरलाई मिलान गरी १०० मा लगी शेयर दिने ब्यवस्था गर्न सुझाव दिनु भयो ।

**श्री नरसिंह लाल चखु :** कम्पनीको वार्षिक प्रतिवेदनको अध्ययन गर्दा समग्र सुचकहरुमा प्रगती देखिएकोछ जुन स्वागत योग्य छ । आगामी दिनमा पनि प्रगतीको पथमा रहनु पर्छ भन्ने धारणा राख्नु भयो । कम्पनीले यस वर्ष २० प्रतिशत बोनस शेयर प्रदान गरेकोमा धन्यवाद र आगामी वर्ष प्रगती गर्दै सोमा बृद्धि गरी ३० प्रतिशत पुऱ्याउन सकोस भन्दै मार्केटिङ्ग मा system बढाउन सकेमा राम्रो हुने धारणा राख्नु भयो । Portfolliyo र Policy मा Strength maintain गर्न जान्नु पर्छ, लगानीको बिविधिकरणमा कम्पनीको ध्यान नपुगेको आभास हुन्छ यस तर्फ ध्यान पुऱ्याउन सुझाव दिनु हुदै ब्यापारका नयाँशैली अवलम्बन गरी अघि बढ्न सके राम्रो हुने धारणा राख्नु भयो । आय तर्फ कम्पनी कमजोर भएको देखिएको, EPSमा सामान्य सुधार रहेको, पुनर्बीमा कमीशन न्यून रहेको देखिएकोले सोमा सुधार गर्नु पर्ने, सोल्भेन्सी मार्जिन रेसियोलाई बढाउन पर्ने धारणा राख्नु भयो । कम्पनीले लिनु पर्ने पुरानो हिसाव मिलान गर्न सकि रहेको देखिदैन, त्यस तर्फ ब्यवस्थापनको ध्यानाकर्षण गराउदै कम्पनीको सुशासन कायम गर्नका लागी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन, ब्यवसाय बिस्तारका लागी शाखा बिस्तार गरी तिनको सवलिकरणलाई ध्यान दिन र ब्यवस्थापन खर्च अन्तर्राष्ट्रिय मान्यताको परिधि भित्र रहने गरी गर्न सुझाव दिनू भयो ।

**श्री चन्द्र नारायण श्रेष्ठ :** कम्पनीले ४४ करोड मुनाफा गर्दै कम्पनीले २० प्रतिशत बोनस शेयर र १.०५२६३ प्रतिशत नगद लाभांस दिने प्रस्ताव ज्यादै राम्रो छ यसका लागी धन्यवाद दिनु भयो । निर्जिवन बीमा कम्पनीमै सबै भन्दा बढी प्रतिफल दिन सफल भएकोमा धन्यवाद र आगामी दिनमा अझ बढी प्रतिफल पाउने आशा ब्यक्त गर्नु भयो । कम्पनीको पुंजी बृद्धि योजानको जानकारी माग गर्दै कम्पनीको यस सम्वन्धमा रणनीति के छ ? जानकारी पाउन सके धेरै राम्रो हुने, शेयरधनीहरुका लागी स्वास्थ्य बीमा योजना ल्याउन सुझाव दिनु भयो । कम्पनीको Cash out गत वर्षको तुलनामा बढी देखिन्छ जसलाई घटाउन सके राम्रो हुने धारण राख्नु भयो । कम्पनीको बजार हिस्सा ८

प्रतिशत देखिएकोछ उक्त हिस्सा अन्य कम्पनीको तुलनामा कस्तो छ सोको जानकारी माग गर्नु भयो । लघु बीमामा नोक्सान देखिन्छ सोलाई कसरी फाईदामा लान सकिन्छ सो तर्फ ध्यान दिन सुझाव दिनु भयो । साथै हाम्रो कम्पनी सगरमाथा जस्तै सधै उच्च रहोस भन्ने सुभेच्क्षा ब्यक्त गर्नु भयो ।

**श्री मेजर कुबेर श्रेष्ठ :** २५ औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, संचालक, कर्मचारी, पत्रकार सबैलाई शेयरधनीको तर्फबाट स्वागत गर्दै आजको सभामा उपस्थित हुनाको कारण सबेसग भेट गर्दै हाम्रो बोर्डको सदस्यहरुलाई भेट्दा ज्यादै खुसि लागेको धारणा राख्नु भयो । हामी २५ वर्ष पुग्यौं यस उपलक्ष्यमा ४४ करोड कमाएर किन २० प्रतिशत मात्रै किन २५ प्रतिशत दिएको भए राम्रो हुने धारणा राख्नु भयो । कम्पनीले  ४४ करोड मुनाफा गरी शेयरधनीलाई दिएको २० प्रतिशत बोनस शेयर मात्र शेयर धनीको कमाई नभई रिजर्भमा गएको २२ करोड पनि हाम्रो आफ्नै भएको बुझ्नु पर्ने धारणा राख्नु भयो । यस कम्पनीको  बुक भ्याल्यु २४५ रहेकोले १५/१६ सय सम्ममा शेयर किन्दा पनि फाईदा हुने जानकारी गराउनु भयो । कम्पनीले कानुनी सल्लाहकारका लागी १५ लाख खर्च गरेको देखिएको छ के हो ? कम्पनीले समिक्षा वर्षमा कम्पनीले २ लाख ३७  हजार बीमालेख जारी गरेकोमा आगामी वर्ष बीमालेखको संख्या बढाएर ३ लाख पऱ्याउन र मुनाफामा बृद्धि गर्दै ३० प्रतिशत सम्म लाभांस बितरण गर्ने गरी कार्य योजना बनाई कार्य गर्न सुझव दिनु भयो । दावी भुक्तानी तर्फ Net Claim हेर्दा कम्पनीले ग्राहकहरुलाई खुसी बनाएको देखिन्छ त्यसका लागी ब्यवस्थापनलाई धन्यवाद र यसको निरन्तरता आवश्यक भएको धारणा राख्नु भयो । बीमा समितिको निर्देशन अनुसार चुक्ता पुँजी बृद्धि गरी २.५ अरब पूऱ्याउंदा सो पश्चात प्रतिफल प्राप्त गर्न कठिनाई हुने भएकोले यसका लागी कम्पनीका तर्फबाट आवाज बुलन्द गर्न अनुरोध गर्नु भयो । साथै कम्पनीको Insurance Fund धेरै राम्रो छ जुन स्वागत योग्य रहेको धारणा राख्नु भयो ।

**श्री उद्धव प्रसाद घिमिरे :** २५ औ बार्षिक साधारण सभामा बोल्न दिनू भएको उपस्थित सम्पूर्णमा धन्यवाद दिनु हूदै पछि आउने लाई अघि बोल्न दिने पालो दिन नहूने भन्दै VAT 69 लाई उल्टाएर हेरे जस्तो भयो भनी गूनासो गर्नू भयो र साना ठुला लगानीकर्ताहरुलाई समेटेर कम्पनीले ल्याएको र राम्रो डिभिडेन्ट पोलिसी लाई मूरी मूरी धन्यवाद दिनू भयो । वासलात, नाफा नोक्सान हिसाव लगायत सम्पूर्ण अनूसूचिहरुको बारेमा बोल्दै, चूक्ता पूजीको २० प्रतिशत बोनस शेयर दिनू भएकोमा संचालक समूह, व्यवस्थापन समूह लगायत सबै कर्मचारीहरुको मिहनेतका लागि धन्यबाद व्यक्त गर्नू हूदै Net Profit मा केही फरक देखिएको कारण २०७७ फागून बाट देखिएको कोभिडको कारण र विच विचमा भएको प्यान्ड्यामिक हून सक्ने बताउनू भयो । दावी भूक्तानीमा अझ बढि बिचार

पूऱ्याई टिछो छरितोको रुपमा गर्नू भन्दै नयां नयां वीमा पोलिसीहरु बजार ल्याउनू पर्ने कूरामा ध्यान दिनू पर्ने बताउनू भयो । बार्षिक प्रतिवेदनमा चार्ट मार्फत डाटाहरुलाई देखाउनू पर्ने भन्दै वाह्य लेखा परिक्षकलाई सूझाव दिनू भयो । पिछडिएको जिल्लाहरुमा गई कृषि तथा वाली वीमाका वारेमा जनचेतना अभिबृद्धि गरी व्यवसाय बढाउन पर्ने बताउनू भयो । चुक्ता पूजी बृद्धि गर्नका लागि वीमा समितिले दिएको समय सिमा नपूगेको र कम्पनी २५औ बर्षको साधारण सभा गरिरहंदा पूराना २५ बर्ष पूगेका कर्मचारीहरु लगायत शेयरधनीलाई सूबिधा/सेवा गरे वापत केही Token of Love को व्यवस्था गरिनू पर्ने । बार्षिक प्रतिवेदन घरैमा पूऱ्याउने व्यवस्था गरेकोमा धन्यवाद भन्नूभयो । समयै लेखापरिक्षण सकाई जरिवाना बाट बचाउन अनूरोध गर्दै वीमांङ्कीय रिपोर्टका लागि कम्पनीमै व्यवस्था गरिनू पर्ने धारण राख्नू भयो र बार्षिक प्रतिवेदनका Indicator हरु राम्रो भएको भन्दै धन्यवाद ज्ञापन गर्दे आफ्नो मन्तव्य सक्नू भयो ।

**श्री शिव प्रसाद पौडेल :** यस कम्पनीको प्रतिनिधित्व गर्नू हूने उच्च घरानाका लब्ध प्रतिस्थित व्यक्तिहरु जस्तै ज्योति ग्रूप, ईमेज घराना वहांहरुलाई उच्च घराना जस्तै उच्च भई आफ्नो इज्जत र प्रतिष्ठामा कूनै पनि कूराको दाग नलाग्ने गरिकन काम गर्न सूझाव दिंदै आफ्नो मन्तव्यको शूरुवात गर्नू भयो र सभाहलमा व्यवस्था गरिएका व्यवस्थित चिजहरु बत्ति, पानी, चियापान गलायतका कूरामा धन्यवाद दिनु भयो । संचालक समितिको बारेमा बोल्दै संचालकहरु ५ जनाको हूनूपर्नेमा जम्बो टोली रहेको र त्यस माथी पनि बैकल्पिक संचालकको व्यवस्था के कारणले गरेको हो भनि जानकारी माग गर्नु भयो । संचालक समितिको संख्या घटाई संचालकको भत्ता पनि कम गर्न सूझाव दिनूभयो । २० प्रतिशत बोनस शेयर दिएकोमा धन्यवाद दिंदै शेयरधनीहरुले लिन बांकी लाभांश रकमका सम्बन्धमा शेयरधनीहरुको मोबाईलमा SMS मार्फत भूक्तानी बूझ्नका लागि सूचना पठाउन सूझाव दिनू भयो र आर्थिक बर्ष ग्याप गरेर बढि दिएको जस्तो देखिने गरि मख्ख पार्न नहूने र नियमित लाभांश दिन भन्दै नधम्क्याउन र संयामित भई जवाफ दिन भन्नू भयो । सामाजिक उत्तरदायित्व अन्तर्गत जथाभाबी गरेको खर्च अत्यधिक भएको र यस सभाबाट पारित नगरिए के हून्छ ? र कानूनी सल्लाहकारको खर्च पनि अत्यधिक बढि भएकोमा संयमित भई जवाफ दिन आग्रह गर्नू भयो । भवन बनाएकोमा खूशी प्रकट गर्दै भवनको नाम सूरक्षण भवन मात्र नभनि सगरमाथा संरक्षण भवन राखेमा वीमा क्षेत्रको सगरमाथा इन्स्योरेन्सले बनाएको रहेछ भनि थाहा पाउन सकिने सुझाव दिनु भयो । अन्तमा आफ्नो घर भित्रबाट सांचालक नियूक्त नगरि विज्ञताको आधारमा सांचालक नियुक्ति गर्न सूझाव दिंदै सगरमाथा जस्तै सधै शीर उच्च हूने गरि काम गर्न शूभकामना दिंदै आफ्नो मन्तव्य टूंग्याउनू भयो ।

**श्री रोज कूमार श्रेष्ठ :** यस कम्पनीको साधारण सभामा बोल्ने मौका दिनूभएकोमा धन्यवाद । यस अघि पनि अगूवाई गरिराखेको र २५औ बार्षिक साधारण सभा गरिरहदा पनि सो अगूवाईलाई निरन्तर दिएकोमा धन्यवाद भन्नू भयो । नाफा क्रमिक रुपमा बढेको पोर्टफोलियो वाइज व्यवसाय पनि राम्रो भएको र इन्जिनियरिङ्ग वीमामा त फट्कोनै मारेको देखियो लगभग ७० लाखको हाराहारीबाट समिक्षा बर्षमा १ करोड ४३ लाख पूगेकोमा खूशी व्यक्त गर्नू भयो । सवै कूराको तारिफ मात्र गर्दा कम्पनीलाई अघि बढ्न अफठ्यारो पर्ला की भनि केही देखिएको कूरामा ध्यानाकर्षण गराउंदै सूझाव दिनू पनि शेयरधनीको दायित्व रहेको भन्दै अनूसूचीमा खूद रकम र परल रकम सवैमा एउटै हूने भए पछि आगामी बर्षमा एउटै कोलममा राखी बनाउन सूझाव दिनु भयो । ललितपूर फाइनान्स मर्ज भएको लगभग २/३ बर्ष भई सक्दा पनि हाल सम्म पनि सोही नाममा प्रतिवेदन प्रकाशित भइ रहेको छ सो लाई आगमी दिनमा सच्याउन सूझाव दिनु भयो । कम्पनीको नाममा ३/४/५/७ कित्ता शेयर रहेको पाईयो यो के कति कारणबाट भएको हो ? कम्पनीको लिनू पर्ने रकममा हरेक बर्ष घट्नू पर्नेमा बढ्दै गएको कारण के हो ? अभिकर्ताको संख्या यस बर्ष गत वर्षको भन्दा कम भएको पाईयो अभिकर्ताको संख्या बढाउन सके मात्र ब्यापार बढाउन सकिने भएकोले अभिकर्ताको संख्या सुझाव दिनु भयो । अभिकर्ता बढ्नू भनेको वीमा व्यवसाय पनि बढ्नू हो त्यसैले त्यता तिर पनि ध्यान दिन अनूरोध गर्नु भयो । कोभिड वीमाका सम्बन्धमा बोल्दै बिश्वमा कही नभएको महामारीको वीमा नेपालमा गराई नेपाल सरकारले सस्तो लोकप्रियताका लागी दौडिने मात्र हो त्यसको बास्तविक ज्ञान त वीमक संघलाई हूनू पर्ने र सरकारलाई यस्तो प्रकारको वीमा गर्नू नहूने भनी वीमक संघको अध्यक्षको तर्फबाट नेपाल सरकारलाई बुझाउन नसकेका कारण कम्पनीको दायित्व बढ्न गएको धारणा राख्नु भयो ।

**श्री अमिर दाश रञ्जित :** सर्व प्रथम शेयरधनहिरले हेर्न पर्ने भनेको प्रतिफल हो त्यसमा यस वर्ष २० प्रतिशत बोनस शेयर दिने प्रस्तावका लागी धन्यवाद, कम्पनीको साधारण सभा तोकिएको समय भित्रै हुनु पऱ्यो, वार्षिक प्रतिवेदन हेर्दा कम्पनीले दण्ड जरिवना तिरेको देखियो दण्ड जरिवना साधारण सभा समयमा नभएको कारण भएको हुनु पर्छ, जरिवना तिर्न पर्ने कुरा कम्पनीका लागी कालो टिका सरह भएकोले दण्ड जरिवना नहुने गरी कम्पनीका काम कारवाही अघि बढाउन सुझाव दिनु भयो । बीमा समितिको निर्देशन बमोजिम पुंजी बृद्धि गर्ने सम्वन्धमा अव हामी आफैं उभिनेकी अरुसंग जाने यसमा हामी हकप्रदमा जान सकिने भएकोले सो सम्वन्धमा गृहकार्य भएको छ की छैन ? कम्पनीको वार्षिक प्रतिवेदन हेर्दा हामीसंगै आएका कम्पनीमा प्रिमियम संकलन तर्फ राम्रै रहेता पनि दावी भूक्तानी तर्फ हाम्रो बढी देखिएको छ यस तर्फ बिचार गर्दा दावी जति आए पनि हामी तिर्छौं नभनि आएको वास्तविक दावीलाई सही तरिकाबाट तिर्ने रणनीति लिने हो की ? यसरी अघि बढ्दा

कम्पनीलाई राम्रो हुने धारणा राख्नु भयो । यस वर्ष प्रस्ताव गरिएको लाभाँस राम्रो छ । कम्पनीले बिगत वर्षहरुमा कुनै वर्षको मुनाफा बितरण नगरी राख्ने र अर्को वर्ष एकमुष्ठ बितरण गर्ने गर्दा शेयर बजारमा खेल्ने परिस्थती देखिएकोले सोलाई रोक्नका लागी नियमित मुनाफा बितरण गर्ने व्यवस्था गर्न सुझाव दिनु भयो । संचालकको संख्या ७ जनाबाट घटाएर ५ जनामा ल्याउन ध्यानाकर्षण गराउनु भयो । कम्पनीको चालु आ.व.मा अवस्था के छ । व्यवसायको बृद्धिसंगै मुनाफामा बृद्धि भएको छ की छैन सोको जानकारी उपलब्ध गराउन अनुरोध गर्नु भयो । कम्पनीको नोक्सानीको व्यवस्था घटेको छ त्यसमा संतोष मान्न सकिने धारण राख्दै कम्पनीको पुँजी बृद्धिका लागी हकप्रद शेयर जारी गर्नु नै उत्तम हुने धारणा राख्नु भयो । कम्पनीको भवनको नाम सुरक्षण भवनको नामले कसको भवन भन्ने नबुझ्ने भएकोले सगरमाथा सुरक्षण भवन राख्न उचित हुने सुझाव दिनु भयो ।

**श्री राम गोपाल महर्जन** : कम्पनीले २५ औं वार्षिक उत्सव गर्दा शेयरधनीलाई वास्ता नगरेको धारणा राख्नु भयो । कम्पनीले आफ्ना शेयरधनहिरलाई २० प्रतिशत बोनस शेयर र १.०५२६३ प्रतिशत नगद लाभांस दिने प्रस्तावका लागी कम्पनीको संचालक समिति र कम्पनी व्यवस्थापनलाई धन्यवाद साथै कम्पनीको EPS पनि यस वर्ष बृद्धि भएकोछ यसले आगामी वर्ष पनि राम्रो हुने धारणा राख्नु भयो । कम्पनीको पुँजी बृद्धि गर्ने सम्वन्धमा के धारणा छ । यसपाली हामी मर्जरमा जाने की हकप्रद शेयरका माध्यामबाट पुँजी बृद्धि गर्ने सोको जानकारी गराउन अनूरोध गर्नू भयो । प्राय बैङ्क तथा बित्तिय क्षेत्रमा व्यवसाय बृद्धिका लागी शाखा खोल्ने परम्परा रहेकोछ यस कम्पनीले पनि चालु आ.व.मा ८ वटा शाखा खोल्ने कुरा छ शाखा खोल्ने मात्र नभई भएका शाखाहरुलाई मर्ज गरी गुणस्तरिय सेवा प्रदान गर्नु पर्ने धारणा राख्नु भयो । हामीकोमा मोटर बीमामा अघिल्लो आ.व.को तुलनामा नाफामा कमी आएको देखियो त्यस तर्फ पनि बिचार पुऱ्याउन सुझाव दिनु भयो । शेयर लागानीबाट पनि राम्रो नाफा गर्न सकिने भएकोले समयको बिष्लेशण गरी उपयुक्त समयमा शेयर खरिद गर्न र बिक्री गर्न सुझव दिनु भयो । बीमा समितिले वार्षिक प्रतिवेदनको स्वीकृति गर्दा साना साना कुराहरु पालना नभएको भनि सो पुरा गर्न शर्त राखेको पाईयो सो आगामी वर्ष दोहोरीन नदिने गरी कार्य गर्न सुझाव दिनु भयो । कर्मचारीलाई समय सापेक्ष रुपमा तालिमको व्यवस्था गर्न सुझाव दिंदै कर्मचारीलाई प्रदान गर्ने तालिम खर्च ज्यादै न्यून देखिएकोले सोमा बृद्धि गर्न सुझाव दिनु भयो ।

**श्री इन्द्र कृष्ण श्रेष्ठ** : कम्पनीको २५ औं वार्षक साधारण सभामा बोल्ने अवसर दिनु भएकोमा धन्यवाद दिंदै ३० प्रतिशत सम्म लाभांस दिन सक्ने अवस्था रहेकोमा २० प्रतिशत मात्रै बोनस शेयर दिएको पाईयो । शेयरधनीहरुलाई राम्रो प्रतिफल दिने गरी काम गर्न सुझाव दिंदै कम्पनीको पुँजी

बृद्धि योजना के कस्तो छ सोको जानकारी माग गर्दै कम्पनकिो व्यवसाय बृद्धिका लागी शाखा बिस्तार मात्र नगरी गुणस्तरिय सेवा प्रदान गरी व्यवसाय बृद्धि गर्न र कर्मचारीहरुलाई समय सापेक्ष तालिमको व्यवस्था गरी उनीहरुको क्षमता अभिबृद्धि गर्न सुझाव दिनु भयो । मर्जर पश्चात पनि कम्पनीले शेयरधनीहरुलाई हात खाली नहुने गरी मर्जरमा जानु पर्ने धारणा राख्नु भयो ।

११. शेयरधनी महानुभावहरुबाट आएका महत्वपूर्ण सुझावहरुका लागि सभापतिज्युबाट धन्यवाद ज्ञापन गर्दै यहांहरुको सकारात्मक सुझावको सधैं सम्मान गर्ने जानकारी गराउनुभयो । कम्पनीको काम राम्रो रहेको यहांहरुको अभिव्यक्तीबाट हामी उत्साहित भएकाछौं । यहांहरुले बिगतमा दिनु भएका सुझावहरलाई आत्मासाथ गर्दै आएको कारणनै कम्पनी आजको अवस्थामा आई पुग्न सक्षम भएकोले यहांहरु सबैलाई धन्यवाद भन्दै सभामा उपस्थित भई सक्रिय रुपमा छलफलमा सहभागी भई कम्पनी उपर बिश्वास जगाई सुझाब र टिप्पणी गर्नुहुने सबै शेयरधनि महानुभाबहरु प्रति हार्दिक धन्यबाद ज्ञापन गर्नुभयो ।

१२. <u>सभाबाट भएका निर्णयहरु :</u>

<u>सामान्य प्रस्ताब तथा सो मा भएको निर्णय :</u>

**१२.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूवाट पेश हुने आ.ब.२०७७/०७८ को बार्षिक प्रतिवेदन पारित गर्ने ।**

निर्धारित बिषयसूची नं.८.१.१ अन्तर्गत रहेको संचालक समितिको आर्थिक बर्ष २०७७/०७८ को संचालक समितिको प्रतिबेदन सभामा निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदन पारित गरीयो ।

**१२.२ आ.ब.२०७७/०७८ को लेखा परिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु पारित गर्ने ।**

निर्धारित बिषयसूची नं.८.१.२ मा रहेको कम्पनीको आ.ब.२०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान, हिसाब र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसुचिहरु पारित गर्नको लागि निर्णयार्थ प्रस्तुत भएकोमा सो प्रतिबेदनहरु पारित गरियो ।

**१२.३ संचालक समितिबाट प्रस्ताव भए बमोजिम चूक्ता पूंजी रु.१,११,१३,५७,५००/( को १.०५२६३ प्रतिशत नगद लाभांश (बोनस शेयर मा लाग्ने कर प्रयोजनार्थ) बितरणको प्रस्ताव पारित गर्ने ।**

निर्धारित बिषयसूची नं.८.१.३ मा रहेको कम्पनीको चूक्ता पूंजी रु.१,११,१३,५७,५००/( को १.०५२६३ प्रतिशत नगद लाभांश (बोनस शेयर मा लाग्ने कर प्रयोजनार्थ) बितरणको प्रस्ताव निर्णयार्थ प्रस्तुत भएकोमा सो पारित गर्ने निर्णय गरियो ।

१२.४ **कम्पनीको आ.व.२०७८/०७९को लेखा परिक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखा परिक्षकको नियुक्ति गरी निजको पारिश्रमिक तोक्ने ।**

निर्धारित बिषयसूची नं.८.१.४ मा रहेको कम्पनीको आर्थिक बर्ष २०७८/०७९ को लागी बाह्रय लेखापरीक्षकको नियुक्ति गर्ने सम्बन्धमा छलफल गर्दा श्री JBRH एण्ड कम्पनी, चार्टड एकाउण्टेण्ट लाई कम्पनीको आ.ब.२०७८/०७९ को लेखापरिक्षण, कर लेखा परिक्षण, बिस्तृत लेखा परिक्षण प्रतिवेदन (LFAR) तथा कम्पनी ऐनको दफा ७८ को बिवरण प्रमाणीकरण बापत रु.३,३०,०००/- ( तिन लाख तिस हजार) तथा परिवहन तथा अन्य खर्च बापत रु.४४,०००/(चौवालिस हजार) मात्र प्रदान गर्ने गरी आ.ब.२०७८/०७९ को लेखापरिक्षकमा नियुक्ती गर्न लेखापरिक्षण समितिबाट सिफारिस भई आएको हुनाले सो लाई अनुमोदन गरी निजलाई लेखापरिक्षकमा नियुक्ती गरी सो बमोजिमको पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

१२.५ **कम्पनीमा रिक्त रहेको स्वतन्त्र संचालकमा संचालक समितिबाट नियुक्त स्वतन्त्र संचालक श्री शोभा श्रेष्ठलाई अनुमोदन गर्ने ।**

निर्धारित बिषयसूची नं.८.१.५ मा रहेको कम्पनीमा रिक्त रहेको स्वतन्त्र संचालक पदमा संचालक समितिबाट श्री शोभा श्रेष्ठलाई स्वतन्त्र संचालक पदमा गरिएको नियुक्तीलाई अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

<u>बिशेष प्रस्ताब तथा निर्णय :</u>

१२.६ **संचालक समितिबाट प्रस्ताब भए बमोजिम कम्पनीको हालको चूक्ता पूंजी रु.१,११,१३,५७,५००/( को २० प्रतिशत अर्थात बर्तमान १० शेयर बराबर २ शेयर (१०:२) अनुपातमा बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अङ्कलाई सम्वन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताव पारित गर्ने ।**

निर्धारित बिषयसूची नं.८.२.१ उपर छलफल गर्दा हालको चूक्ता पूंजी रु.१,११,१३,५७,५००/- को २० प्रतिशत अर्थात बर्तमान १० शेयर बराबर २ शेयर (१०:२) अनुपातमा बोनश शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने र बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अङ्कलाई सम्वन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताव पारित गर्ने निर्णय गरीयो ।

१२.७ **प्रवन्ध पत्रको दफा ५.१ मा संशोधन गरी कम्पनीको अधिकृत पुँजी रु.२ अरबबाट बृद्धि गरी रु. ५ अरव कायम गर्ने र दफा ५ को उपदफा २ पछि उपदफा २.१ थप गरी सो उप दफामा चूक्ता**

**पुँजीको व्यवस्था गरी कम्पनीको चूक्ता पुँजी रु.१,३३,३६,२९,०००/- (एक अरब तेत्तिस करोड छत्तिस लाख उनान्तीस हजार) कायम गर्ने ।**

निर्धारित बिषयसूची नं.८.२.२ उपर छलफल गर्दा प्रवन्ध पत्रको दफा ५.१ मा संशोधन गरी कम्पनीको अधिकृत पुँजी रु. २ अरबबाट बृद्धि गरी रु.५ अरव कायम गर्ने र दफा ५ को उपदफा २ पछि उपदफा २.१ थप गरी सो उप दफामा चूक्ता पुँजी को व्यवस्था गरी कम्पनीको चूक्ता पुँजी रु. १,३३,३६,२९,०००/- (एक अरब तेत्तिस करोड छत्तिस लाख उनान्तीस हजार) कायम गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरीयो ।

**१२.८ कम्पनीबाट सामाजिक संघ संस्थालाई आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड "गÆ ले निर्धारण गरेको सिमा नाघेको हुदा सो अन्तर्गत भएको खर्च रु. ३३ लाख ४५ हजार ५ सय लाई अनुमोदन गर्ने ।**

निर्धारित बिषयसूची **८.२.३** उपर छलफल गर्दा कम्पनीबाट सामाजिक संघ संस्थालाई आर्थिक सहायता प्रदान गर्ने क्रममा नेपाल सरकारद्धारा स्थापित COVID -19 नियन्त्रण, रोकथाम का लागी नेपाल भेन्टीलेटर सर्भिसलाई १६ लाख, देउरी स्वास्थ्य चौकी, त्रियुगा न.पा.,उदयपुरलाई १५ लाख, यशोदा देवी भगवान सिंह एचकेसी मेमोरियल ट्रष्ट लाई २ लाख र अन्य बिभिन्न संघसंस्थालाई ४५ हजार ५ सय गरी जम्मा रु.३३,४५,५००/— प्रदान गरिएकोले कम्पनीको तर्फबाट आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को "ग" ले निर्धारण गरेको सिमा नाघेको हुदा सो अन्तर्गत भएको खर्च **रु. ३३ लाख ४५ हजार ५ सय** लाई अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरीयो ।

**१२.९ निर्जिवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्वन्धि संचालक समितिलाई दिईएको सम्पुर्ण कार्य गर्ने अधिकारलाई निरन्तरता प्रदान गर्ने ।**

निर्धारित बिषयसूची **८.२.४** उपर छलफल गर्दा निर्जिवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्वन्धि यस अधि संचालक समितिलाई दिईएको सम्पुर्ण कार्य गर्ने अधिकारलाई यस वर्ष पनि निरन्तरता प्रदान गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरीयो ।

१२.१० **उपरोक्त बमोजिमका प्रस्ताव पारित भई स्वीकृतिका लागी पेश हुदा नियमनकारी निकाय वा कार्यालयबाट कुनै बिषयमा संसोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने ।**

निर्धारित बिषयसूची ८.२.५ मा रहेको प्रस्ताव उपर छलफल गर्दा उपरोक्त बमोजिमका प्रस्ताव पारित भई स्वीकृतिका लागी पेश हुदा नियमनकारी निकाय वा कार्यालयबाट कुनै बिषयमा संसोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरीयो ।

१२.७ **बिविध बिषयहरु कुनै प्रस्ताबहरु नआएको हुनाले कुनै निर्णय गरिएन ।**

१३. **धन्यबाद ज्ञापन :**

कम्पनीको २५ औं वार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, टिप्पणी तथा सुझावहरु कम्पनीको हितको लागि अतिनै महत्वपूर्ण रहेको उल्लेख गर्दै कम्पनीको काम कारवाहीमा अभिरुचि राखी संचालक समिति तथा ब्यबस्थापनलाई मार्ग निर्देशन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुमा हार्दिक आभार ब्यक्त गर्दै सफलतापूर्वक सभा संचालनमा सहयोग पुऱ्याउनुहुने कम्पनी ब्यवस्थापन एबं सम्पूर्ण कर्मचारीहरु प्रति सभाका सभापतिबाट हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१४. **सभा बिसर्जन :**

अन्त्यमा, सभाका सभापति श्री रामकृष्ण मानन्धरज्यूले छलफल गर्नुपर्ने कुनै बिषय बाँकी नरहेकोले कम्पनीको २५ औं बार्षिक साधारण सभा सम्पन्न भएको धोषणा गर्नुभयो ।

बिश्वनाथ अधिकारी
**(कम्पनी सचिब)**

रामकृष्ण मानन्धर
**(सभाका सभापति)**

मिति २०७९ बैशाख २८ गते बुधबार ।